# अन्तर्राष्ट्रिय फौज्दारी कानुनको दायरामा माओवादी पनि पर्ने

## चाँडै अनुमोदन गर्ने सरकारको मनसाय

**कान्तिपुर संवाददाता**

काठमाडौं, १ जेठ- नेपालले अन्तर्राष्ट्रिय फौज्दारी अदालत (आईसीसी) स्थापना गर्न बनेको कानुन अनुमोदन गरेपछि हत्या र हिंसा चलाइरहेका माओवादी पनि त्यसको अधिकार क्षेत्रबाट उम्कन पाउनेछैनन् ।

अदालत स्थापना गर्न बनेको अन्तर्राष्ट्रिय कानुन 'रोमन विधान' मा समर्थन जुटाउने उद्देश्यले आएको अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डलसमक्ष यसको अनुमोदन छिट्टै गर्ने धारणा सरकारले व्यक्त गरेको छ । उक्त कानुन कार्यान्वयन भएपछि भारतलगायत विदेशी भूमि प्रयोग गरी नेपालमा जनधन क्षति पुऱ्याइरहेका भूमिगत माओवादीसमेत त्यसको अधिकार क्षेत्रमा पर्नेछन् ।

'माओवादीलाई लुक्ने ठाउँ पाउन त्यति बेला मुस्किल पर्नेछ,' भ्रमण दलका सदस्य डा. अहमद जियाउद्दिनले बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, 'उनीहरूले लुक्ने ठाउँ पाउनेछैनन् ।'

अन्तर्राष्ट्रिय फौज्दारी अदालतका सम्बन्धमा समर्थन जुटाउने उद्देश्यले आएको चार सदस्यीय टोलीमा यसका लागि एसियाली नेटवर्कका सम्पर्क व्यक्ति डा. जियाउद्दिन, अस्ट्रेलियाली कानुन व्यवसायी एवं अनुसन्धाता जोन ली, इन्टरनेसनल सेन्टर फर ह्युमन राइट एन्ड डेमोक्रेटिक डेभलपमेन्टका डेभिड मटास र फोरम एसिया प्रोजेक्टका संयोजक निजा कन्सेप्सन छन् ।

उनीहरूले साताव्यापी भ्रमणका क्रममा सरकार, संसद् र विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिसँग भेट गरेपछि नेपाल यसको पक्षमा रहेको आश्वासन प्राप्त भएको छ । व्यावहारिक रूपमा नेपालले अन्तर्राष्ट्रिय मानवतावादी कानुन अनुमोदन गरिसकेकाले यो अदालतसम्बन्धी कानुन अनुमोदन गर्न अप्ठ्यारो पर्नेछैन ।

उक्त अदालतले आम नरसंहार, युद्ध अपराध, मानवताविरुद्धको अपराध र हस्तक्षेपजस्ता चार प्रमुख क्षेत्रका मामिलालाई अधिकार क्षेत्रमा राख्नेछ । यसको स्थापनाले 'दण्डहीनताको संस्कृति' अन्त्य गर्ने विश्वास लिइएको छ । यसमा आम नरसंहार र युद्ध अपराध गर्ने विद्रोही पक्ष मात्र होइन, शासनमा रहेको व्यक्तिले समेत यस्ता अपराध गरे शासनबाट हटिसकेपछि पनि दण्डित हुन सक्ने प्रावधान छ ।

'अदालतले जंगलमा बसेर अपराध गर्नेलाई पनि उन्मुक्ति दिनेछैन,' भ्रमण दलले नेपालको भ्रमण पूरा गरी बंगलादेश प्रस्थान गर्नुअघि जारी विज्ञप्तिमा भनेको छ, 'हो, उनीहरूले जंगलमा रहुन्जेल उन्मुक्ति पाएको महसुस गर्न सक्छन् । तर, उनीहरू उपचार वा अन्य कुनै उद्देश्यका लागि विदेशी भूमिका पुग्दा कानुनअनुसार दण्डित हुनेछन् । विश्वसमुदायले अपराधीका गतिविधिमाथि चनाखो दृष्टि दिइरहनेछ ।'

उक्त अदालतका पक्षमा समर्थन जुटाउन बनेको गठबन्धन कोलिसन फर दी इन्टरनेसनल क्रिमिनल कोर्ट (सीआईसीसी) ले संसारभरका १ हजार गैरसरकारी संस्थाको प्रतिनिधित्व गर्छ । त्यो अहिले उक्त अदालत स्थापनाका निम्ति क्रियाशील छ । नेपालमा उक्त अदालतको राष्ट्रिय गठबन्धनको नेतृत्व अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गरिरहेको छ ।

साठी मुलुकले उक्त अदालत गठनसम्बन्धी कानुन अनुमोदन गर्नासाथ स्थायी रूपमा अदालत गठन हुने प्रावधान रहेकोमा विश्वका विभिन्न ६६ मुलुकले यसलाई अनुमोदन गरिसकेका छन् भने अन्य कतिपय मुलुक यसलाई अनुमोदन गर्ने दिशामा छन् । उक्त अदालत स्थापना भएपछि यसलाई अनुमोदन गरिसकेको मुलुकसम्बन्धी अपराधीलाई अनुमोदन नगरेको मुलुकबाट समेत गिरफ्तार गरी कारवाही चलाउन सकिनेछ । यो अदालतको स्थापना आगामी जुलाई २ देखि हुनेछ । त्यसका निम्ति नेपालले जुलाई १ अघि नै यसको अनुमोदन गर्नुपर्नेछ ।